# श्री नमुना सामुदायिक वन उपभोक्ता समुह
## वाणगंगा न.पा. ५, कपिलवस्तु

हुमलाल पौडेल
अध्यक्ष

### बोलपत्रद्वारा काठ दाउरा लिलाम विक्रीको सूचना

दोश्रो पटक प्रकाशित मिति २०८१/०४/२३

यस सामुदायिक वन उपभोक्ता समुहको बन क्षेत्रबाट आ.व. २०८०/०८१ मा स्वीकृत वन कार्ययोजना अनुसार थिनिङ तथा सुधार कटान कटानवाट उत्पादन भई र आ.व. २०७९/०८०को आर्पुतीबाट फिर्ता भइ यस समूहको 'घाटगद्दीमा राखिएको तपसिलमा उल्लेखित परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । साथै संक्षिप्त सूचना मिति २०८१।०४।२३ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । मुल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बरमा दर्ता भई डिभिजन वन कार्यालयमा सूचीकृत भएका वनपैदावारमा आधारित इच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन सम्म दाखिला गर्न आव्हान गरिन्छ ।

१ वन पैदावारको विवरण

| क.स. | लट नं. | जात | ग्रेड | थान | कुल परिमाण (क्यु.फि.) | न्युनतम मुल्य प्रति क्यु.फिट | न्युनतम मुल्यांकन | धाङ नं. | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | साल | A | २६ | ६९१.१२ | १०००.०० | ६९११२०.०० | | TI/IF | प्रति क्यु.फिट रु. १२९ |
| | | साल | B | ६६ | १०२१.६० | ७००.०० | ७१५१२०.०० | | | |
| | | साल | C | ११८ | ८९५.२५ | ५००.०० | ४४७६२५.०० | | | |
| | | | D | २५ | ७०.०० | २५०.०० | १७५४२.२५ | | | |
| जम्मा | | | | २३५ | २६७८.१४ | | १८७१४०७.५० | | | |

| क.स. | लट नं. | जात | कुल परिमाण (चट्टा) | न्युनतम मुल्य प्रति चट्टा | न्युनतम मुल्यांकन | प्रकार | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| ६ | ६ | साल दाउरा | ३ | १२०००. | ३६०००.०० | | प्रति चट्टा रु. १४५००.०० |
| जम्मा | | | ३ | | ३६०००.०० | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०५/०५ (ख) समय :- दिनको ठीक ५.०० वजे सम्म ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति :- २०८१/०५/०६ (ख) समय :- दिनको ठीक २.०० वजे सम्म ।

(४) बोलपत्र फारम प्रति लटको रु ३००/३०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय, कपिलवस्तुबाट खरिद गरी सोहि कार्यालयमा दाखिला गर्न सकिनेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको राष्ट्रिय वाणिज्य बैक, तौलिहवा शाखाको खाता नं. ३११०१००००८२०६००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ । नगद धरौटी मान्य हुने छैन ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस समुहको घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

(७) लिलाममा भाग लिन ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, कर चुक्ताको प्रतिलिपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी, डिभिजन वन कार्यालयमा सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतपुर्वक पर्न आएका सवै ठाउँमा दर्ता भएका बोलपत्रहरु प्राप्त भए पछि साक्षीहरुको रोहवरमा खोलिनेछ । शिलबन्दी बोलपत्र खोल्ने मिति र समय पछि कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

Scanned with CamScanner

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको र टिपेक्स लागेको पाइएमा मुल्यांकनमा समावेश गरिने छैन ।

हुमलाल पौडेल
अध्यक्ष

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको कार्य समितिमा हुनेछ ।

(१२) बोलपत्र दाखिला गर्न/खोल्नको लागि तोकिएको मितिमा विदा परेमा सो कार्य सो पछिको कार्यालय खुल्ने मितिमा सोहि बमोजिम हुनेछ ।

(१३) बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला वेग्लै खरिद गरी दाखिला गर्दा पनि वेग्ला वेग्लै खाममा शिलबन्दी गरी खामको बाहिर प्रष्ट नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।

(१४) सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सूचनाका सर्त संबन्धमा कुनै विवाद स्वतः अमान्य हुनेछ ।

(१५) अन्य कुराहरु बुझ्नु परेमा यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

(१६) म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।

(१७) अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

Scanned with CamScanner